बाँदर लखेटेर घर फर्कंदै गर्दा लडेर आमाछोरीको मृत्यु

दैनिक पत्र संवाददाता
रोल्पा, ६ असोज।

रोल्पामा बाँदर लखेटेर घर फर्कंदै गर्दा भिरबाट लडेर आमाछोरीको मृत्यु भएको छ।

रोल्पा नगरपालिका-९ हाडबाङ बस्ने २५ वर्षीया संगीता पुन र उनकै छोरी २ वर्षीया कृतिका पुनको भिरबाट लडेर मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार घरदेखि करिब १ सय ५० मिटरटाढा रहेको मकैबारीमा बाँदर लखेटेर छोरीलाई बोकेर फर्कंदै गर्दा भिरबाट लड्दा आमाछोरीको नै मृत्यु भएको हो। पानी परेको र भिर चिप्लो भएका कारण लड्न पुगेको अनुमान गरिएको छ।घटनाका विषयमा थप अनुसन्धान जारी गरेको प्रहरीले जनाएको छ।

यता बाँके जिल्लाको डुडुवा गाउँपालिका-१ खडैचाका एक वृद्ध जंगलको पानी जमेको तलाउमा फेला परेका छन्।

प्रहरीले डुडुवा वार्ड १ बस्ने ८५ वर्षीय नन्कौ अहिर राप्तीसोनारी गाउँपालिका-६ भुरीडाँडा जंगलको भैंसीखोलाको पानी जमेको तलाउमा मृत अवस्थामा फेला परेका हुन्।

घरबाट मालपोत कार्यालय नेपालगञ्ज बाँकेमा जान्छु भनी हिँडेका उनी घर परिवारको सम्पर्कमा आएका थिएनन्।उनको शव तलाउमा फेला परेपछि प्रहरीले थप अनुसन्धान शुरु गरेको जनाएको छ।

दाङमा लागूऔषध बिक्री वितरण गर्ने मेडिकल सञ्चालिका पक्राउ

दैनिक पत्र संवाददाता
दाङ, ६ असोज।

दाङ जिल्लाको तुलसीपुरमा प्रहरीले लागू औषध बिक्री वितरण गर्ने मेडिकल सञ्चालिकालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा तुलसीपुर उपमहानगरपालिका ८ दुधेना घर भई हाल तुलसीपुर ५ बसपार्कमा फ्यूजन हेल्थ केयर मेडिकल सञ्चालिका ४० वर्षीय तिला कुमारी सुनारलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय तुलसीपुरले जनाएको छ।

विषेश सूचनाका आधारमा खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख डीएसपी श्यामु अर्याललेे जानकारी दिएका छन्।

प्रहरीका अनुसार उनको साथबाट एन्टिटीसिभ ट्याब्लेट, ११२६ , एन्टिकोफ ट्याब्लेट ५०४, ट्रामाडोल ट्याब्लेट १६०४ र सी-ट्रायब १५६ बरामद गरेको हो। साथै उनका साथबाट ६ वटा मोबाइल र नगद १ लाख १६ हजार ८५० रूपैयाँसमेत बरामद गरेको प्रहरीले जनाएको। त्यस्तै प्रहरीले उनीमाथि थप अनुसन्धान भैरहेको बताएको छ।

राजदूत फिर्ता गरेकोमा ओली आक्रोशित

दैनिक पत्र संवाददाता
नेपालजन्ज, ६ असोज।

नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले यसअघिको सरकारले नियुक्ति गरेका राजदूत फिर्ता बोलाउने निर्णयप्रति आक्रोश व्यक्त गरेका छन्। राजदूत फिर्ता गर्ने निर्णयले वैदेशिक सम्बन्ध बिग्रिने र देशको बेइज्जत हुने काम गरेको भन्दै सरकारको आलोचना गरे।

नेकपा एमाले जिल्ला कमिटी बाँकेले नेपालगञ्जमा आयोजना गरेको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै ओलीले आफूहरूले राजदूतमा पार्टीका कार्यकर्ता नभई वैदेशिक मामिला सम्बन्धि जानकार, अनुभवी, अध्ययन गरेका र देशको लागि काम गर्न सक्ने व्यक्तिलाई पठाएको प्रष्ट् याए।

पूर्वप्रधानमन्त्री ओलीले नेकपा (एमाले) सरकारमा हुँदा विकास निर्माणका गतिविधि तीव्रगतिमा अगाडि बढेको दाबी गर्दै उनले विकासका कामहरू अगाडि बढाउन एमाले पार्टी नै चाहिने बताए।

वर्तमान सरकारले गति लिन नसकेको आरोप लगाउँदै उनले सरकारले पार्टी कार्यकर्तालाई जागिर खुवाउनेवाहेक अरू केही काम गर्न नसकेको आरोप लगाए।

'हामीले कोभिडको भयावह अवस्थामा पनि तिब्र आर्थिक विकास गरेर जनतालाई विकासप्रति आशा जगाएका थियौँ', उनले भने, 'यो सरकारबाट कार्यकर्तालाई जागिर खुवाउन आयोग गठन गर्ने राजदुत फिर्ता बोलाउने बाहेक अरू काम भएको छैन।'

सरकारले कोभिडका कारण रोजगारी गुमाएका पाँच लाख परिवारलाई रु.१० हजारका दरले नगद अनुदान दिने कार्यक्रमप्रति व्यङ्ग्य गर्दै उनले भने, '५ लाख जना कसलाई १० हजार दिने ? ५ लाख माओवादी कार्यकर्तालाई १० लाख दिएर गरिबी घट्छ ?'

उनले एमालेलाई बलियो बनाउन कार्यकर्ताको योगदान रहेको भन्दै उनले अझै सक्रिय भएर काम गर्नुपर्नेमा जोड दिए।

विकासको नेतृत्व, नाकाबन्दीको सामना र ज्येष्ठ नागरिकलाई गरेको न्यायले नै जनमत एमालेप्रति आकर्षित भएको जिकिर गर्दै उनी एमाले अहिले प्रतिपक्षमा भएकाले चुनावसम्म धैर्य गरेर विजयको यात्राका लागि पार्टीका काममा उच्च मनोवलका साथ खट्न कार्यकर्तालाई निर्देशन दिए। एमाले बाँकेका अध्यक्ष निरक गुरुङको सभापतित्वमा भएको भेलामा एमाले स्थायी कमिटी सदस्य शंकर पोखरेल, लुम्बिनी प्रदेश अध्यक्ष लिला गिरी, उपाध्यक्ष खेममान खड्का, मोहम्मद हारुन हलवाई लगायतले बोलेका थिए। ओलीले बुधबार नै बर्दियाको गुलेरियामा आयोजित भेलालाई सम्बोधन गरेका थिए।

खेरजाने कागजबाट अण्डाको क्यारेट

शिवु खनाल
देउखुरी, ६ असोज।

प्रयोग भइसकेका कागज, कार्टुनहरूबाट अण्डा राख्ने क्यारेट बनाएर दाङ देउखुरी लमहीका तीनजना युवकहरूले राम्रो आम्दानी गर्न थालेका छन्। खेर जाने कागजको सदुपयोग गर्दै लमही नगरपालिका वडा नम्बर ६ दुमदुमा स्थित निराकार पौडेल, निरवज बस्नेत र प्रदिपसिंहले राम्रो आम्दानी गरिरहेका छन्। लमही नगरपालिकाको वडा नम्बर ६ देउपुर दुमदुमा स्थित दुमदुमा क्यारेट उद्योग (एकट्रे) नामको उद्योग स्थापना गरेर फोहोरका रूपमा फालिने कागज, कार्टुनलाई कच्चापदार्थको रूपमा प्रयोग गरी नम्बर अनुसारको क्यारेट उत्पादन गरी प्रति क्यारेट पाँच रूपैयाँ ७५ पैसामा बिक्री गर्दै आएको उद्योगी निराकार पौडेलले बताए।

लमहीका स्थानीय तीनजना युवकहरूले झण्डै दुईकरोडको लगानीमा क्यारेट उद्योग संचालनमा ल्याएका छन्। चितवनपछि दाङ जिल्लामा कुखुरा पालन गर्ने फर्महरू बढेसँगै क्यारेटको माग बढेकाले उद्योग संचालनमा ल्याएको उद्योगी पौडेलले बताए। उद्योगबाट अहिले प्रतिदिन बीसहजार क्यारेट उत्पादन गरिहरहेको र उत्पादित क्यारेट दाङ, बाँके, बर्दिया, प्युठान, अर्घाखाँचीलगायतका पोल्ट्री फार्ममा बिक्री हुने गरेको उनले जानकारी दिए।

उद्योगी पौडेललका अनुसार कागज, किताब, कापी, पत्रिका, कार्टुनलगायत कागजी सामग्रीलाई प्रशोधन गरी क्यारेट बनाइन्छ। 'पानी र कागजलाई मिलाएर मेसिनमा राखेपछि मेशिनले क्यारेट तयार पार्दछ र लगभग पाँचदेखि छ घण्टासम्म घाममा सुकाएपछि क्यारेट तयार हुन्छ', उनले भने। क्यारेट उत्पादन गर्ने कच्चापदार्थ घोराही र धनगढीबाट ल्याउने गरिएको छ। उद्योगी पौडेलका अनुसार दुमदुमा क्यारेट (एकट्रे) उद्योग संचालनमा ल्याएको करिब पाँच वर्ष पूरा भएको बताउँदै, फालिने कागजबाट क्यारेट उत्पादन गर्ने उद्योगमा स्थानीय बीसजनालाई नियमित रोजगारी उपलब्ध जानकारी दिए।

क्यारेट उत्पादनमा हिउँदमा दुई दिन र वर्षामा सोचे जस्तो हुँदैन। हाल उद्योगमा क्यारेट उत्पादन गर्ने मेशिन एउटामात्र छ। 'यो वर्ष अर्को मेशिन थप गर्ने योजनामा रहेका छौँ, उद्योगी पौडेलले भने, 'अहिले वार्षिक एक करोडको कारोबार हुँदै आएको छ। अबको योजना अनुसार वार्षिक दुईदेखि तीन करोडसम्म आर्थिक कारोबार गर्ने लक्ष्य रहेको छ।' एक विगाहा क्षेत्रफलमा उद्योग संचालन गरेको जानकारी दिदै, थप क्षेत्रफल बढाउने योजना अगाडि सारेको उनले बताए।

कोभिडका कारण उत्पादन सामग्रीको अभाव

कोरोना भाइरस (कोभिड १९) का दाङ सहित देशभरका विभिन्न उद्योग तथा कलकारखानाहरू मारमा परेका छन्। (कोभिड १९) का कारण सिजनमा उद्योगबाट उत्पादन गर्ने वस्तु पर्याप्त नहुँदा थप मारमा परेका छन्। उद्योगमा उत्पादन गर्ने सामाग्री बाहिरबाट ल्याउनुपर्ने हुन्छ। 'लकडाउनले गर्दा सामग्री ल्याउन चरम समस्या भयो, संचालक निराकार पौडेलले भने, 'उत्पादन गर्ने सामग्री नै उद्योगसम्म ढुवानी गर्न नपाउँदा योवर्ष उत्पादनमा समस्या आएको हो। अब यसलाई थप व्यवस्थापन गरेर अगाडि बढ्ने तयारीमा छौँ।'

एकीकृत समाजवादीले बिहीबार महासचिव चयन गर्ने

काठमाडौं, ६ असोज (दैपस)- नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)को केन्द्रीय कमिटी बैठकले अध्यक्ष माधवकुमार नेपालले पेस गरेको राजनीतिक प्रतिवेदनलाई पारित गरेको छ। नेकपा (एकीकृत समाजवादी) पार्टीको मंगलबारबाट सुरु भएको केन्द्रीय समिति बैठकमा अध्यक्ष नेपालले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन पाँचवटा समूह बनाई समूहगत छलफलको निष्कर्ष बुधबारको बैठकमा सुझावसहित प्रस्तुत गरिएको थियो।

सो प्रतिवेदनमाथिका महत्वपूर्ण सुझाबहरूलाई समेटी पारित गरिएको पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बताए। समूह नं. १ बाट रामकुमार झाँक्री, समूह नं. २ बाट रामचन्द्र शाह, ३ बाट रमा आले, ४ बाट श्रीप्रसाद साह र ५ बाट दिनेश राईले राजनीतिक प्रतिवेदनमाथि आफ्नो समूहले गरेको छलफलको निष्कर्ष प्रस्तुत गरेको उनले जानकारी दिए। बैठकमा जनताको बहुदलीय जनवादको सम्बन्धमा उठेका प्रश्नहरूको जवाफ दिँदै अध्यक्ष माधवकुमार नेपालले जबजको सारभूत विचारलाई पक्रँदै समाजवाद र समृद्धिको यात्रामा जाने कुरा बताएको प्रचार विभाग प्रमुख खतिवडाले जानकारी दिए। आफूहरू तत्कालीन एमालेले जस्तो जबजलाई देवत्वकरण अथवा जबजको विकृतिको पक्षमा नरहको भन्दै त्यसबाट मुक्त हुन चाहेको अध्यक्ष नेपालले बैठकमा बताएको उनले उल्लेख गरे।

बैठकले समाजवाद नामक पार्टीको मुखपत्र र नियमित बुलेटिन प्रकाशित गर्ने निर्णय पनि गरेको छ। त्यस्तै, नेताहरूमार्फत पार्टीको चुनावचिह्नको सन्दर्भमा विभिन्न सुझावहरू आएको भन्दै पार्टीको चुनावचिह्न निश्चित गरी निर्वाचन आयोग जाने निर्णय गरिएको पनि विभाग प्रमुख खतिवडाले जानकारी दिए।

पार्टी केन्द्रीय कमिटी बैठक बिहीबार बिहान ११ बजे पनि बस्ने र उक्त बैठकले पार्टीको महासचिव चयन गर्ने, स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटी सदस्यहरूको अन्तिम टुंगो लगाइने पनि उनले बताए।

तानसेनमा एमसीसीको विरोधमा चार दलको प्रदर्शन

दैनिक पत्र संवाददाता
पाल्पा, ६ असोज।

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता नेपालको लागि अनुपयुक्त रहेको भन्दै पाल्पाका चार पार्टीले प्रदर्शन गरेका छन्। राष्ट्रिय जनमोर्चा, विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा(माले)ले संयुक्त रूपमा तानसेनको विभिन्न स्थानमा प्रदर्शनसहित विरोध ऱ्याली गरेका हुन्।

विरोधसभालाई सम्बोधन गर्दै प्रमुख अतिथि अखिल नेपाल युवक संघका केन्द्रीय अध्यक्ष अनिल किशोर घिमिरले विदेशीले नेपालमा सैन्य हस्तक्षेप गर्न एमसीसी सम्झौता गर्न खोजेको र त्यो नेपाली जनतालाई मान्य नहुने जिकिर गरेका थिए।

विरोध सभाको अध्यक्ष राष्ट्रिय जनमोर्चाका नेपाल, पाल्पा जिल्ला अध्यक्ष विशाल दर्लामीले गरेका थिए। कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका पाल्पा जिल्ला सचिव भुवन जिसी, नेकपा (क्रान्तिकारी माओवादि) पाल्पा जिल्ला ईन्चार्ज टीका राना, नेकपा(माले)का अध्यक्ष धनराज पौडेल, नेकपा (क्रान्तिकारी माओवादी)का अग्रज नेता मानध्वज श्रेष्ठ, अखिल नेपाल महिला संघका केन्द्रीय सदस्य नरमती सिंजालीलगायतले बोलेका थिए।

नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सचिव भुवन जिसी, नेकपा (क्रान्तिकारी माओवादी) को जिल्ला ईन्चार्ज टीका राना, नेकपा(माले)का जिल्ला अध्यक्ष धनराज पौडेल तथा कार्यक्रमका अध्यक्ष राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामीले एमसीसी देशका लागि घातक रहेको दावी गरे।

ज्योतिनगर ...

चौराहा-गोलपार्क खण्ड तत्काल बनाउन माग

बुटवल-बेलहिया व्यापारिक मार्गको बुटवलको गोलपार्कदेखि राजमार्ग चौराहासम्मको सडक खण्डमा निर्माण कार्य ढिलो गरी सुरु भएको र यसले जोखिम बढाइरहेको भन्दै विपद् व्यवस्थापन समितिले ध्यानाकर्षण गराएको छ।

आवागमनमा साह्रै कठिनाइ उत्पन्न भएको, धुलो र हिलोले जोखिम बढाएकोले तत्काल आवागमन सहज हुने गरी मर्मत र निर्माणका काम अगाडि बढाउन आग्रह गरेको छ।

ठेक्का लागेको लामो समयसम्म यो खण्डका सडकमा पर्ने घरहरू नहटाइँदा

निर्माण कार्य प्रभावित भएको थियो भने पछि लामो समयसम्म लगातार झरी परेको भन्दै निर्माण कम्पनीले काम सुरु गरेको थिएन। ढिलो गरी यो खण्डमा काम सुरु भए पनि साह्रै सुस्त गतिमा भएको छ।

खुल्न थाले ...

नगरको निर्देशनसँगै केही विद्यालयहरू सञ्चालनमा समेत आइसकेका छन्।

जिल्ला प्रशासनले विद्यालय सञ्चालन गर्नका लागि अनुमति दिएसँगै केही स्थानीय तहले विद्यालय सञ्चालन गर्न अनुमति दिइसकेका छन्। देवदह नगरपालिकाका विद्यालय भदौ २७ गतेदेखि नै सञ्चालनमा आइसकेका छन् भने तिलोत्तमा नगरपालिकाका विद्यालयहरू पनि असोज ४ गतेदेखि नै सञ्चालनमा ल्याइसकेका छन्। सैनामैनाका विद्यालय भदौबाटै सञ्चालनमा छन्। सिद्धार्थनगरका विद्यालय पनि फाट्टफुट्ट सञ्चालन हुन थालेका छन्।

जिल्लाका दक्षिणी क्षेत्रको पालिका मर्चवारी गाउँपालिकाका विद्यालय पनि भदौ ३० गतेदेखि नैसञ्चालनमा आइसकेका छन्। गाउँपालिकाले सिफ्ट अनुसार कक्षा सञ्चालनको व्यवस्था मिलाएको जनाएको छ। कक्षा ६ देखि १० सम्मका विद्यालय बिहान ७ बजेदेखि ११ बजेसम्म र अन्य कक्षाको पठन-पाठन १ बजेदेखि ५ बजेसम्म सञ्चालन गर्ने गरी गाउँपालिकाले अनुमति दिएको जनाइएको छ। जिल्लाका अन्य स्थानीय तहहरूमा पनि कोरोना संक्रमणको जोखिमको अवस्थालाई ध्यानमा राखेर विद्यालय सञ्चालन गर्न दिने तयारीमा रहेका छन्।

त्रासमै छन् अभिभावक

स्थानीय एवं संघीय सरकारले विद्यालय सञ्चालन गर्ने निर्णय गरे पनि विद्यालयमा जान विद्यार्थी भने त्रसित छन्। यसअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नै नेपालमा कोरोना भाइरसको तेस्रो लहर आउने र त्यसले बालबालिकालाई बढी प्रभावित गर्ने आँकलन गरिसकेको छ। लामो समयसम्म घरमै बसी अनलाइन कक्षा लिइरहेका विद्यार्थीलाई विद्यालय जाँदा रमाइलो महसुस त भएको छ तर कोरोना यथावत् रहेकाले त्रसित वातावरणमा विद्यालय जानुपर्ने बाध्यता उत्पन्न भएको छ।

सानो बच्चा छ, यदि कोरोना सरिहाल्यो भने के गर्ने भन्ने चिन्ताले अभिभावकहरूलाई सताउने गरेको छ। हाटबजारमा ठेलामा लत्ताकपडा बेच्ने मञ्जु पौडेलकोमा दैनिक सयौँ व्यक्तिहरू आउनेजाने गरेको र आफूले खोप लगाउन नपाएको गुनासो गर्छिन्।

आफूसमेत जोखिममा रहेका बेला सानो बालकलाई विद्यालय लैजान थालेपछि चिन्ताले थप सताउन थालेको छ। उनकी छोरी बुटवलको नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालयमा अध्ययनरत छिन् भने सानो छोरा गार्गी एकेडेमी बुटवलमा। विद्यालयमा आउँदा जाँदा वा त्यतैबाट कोरोना सर्ने जोखिम बढ्ने त्रास रहेको उनी बताउँछिन्। यस्ता कयौँ अभिभावक, विद्यार्थी नियमित विद्यालय सञ्चालनमा आएपछि कोरोना सर्ने डरले विद्यालय जाने वा नजाने भन्ने अन्योलमा छन्।

पहिलो लहरको कोरोना संक्रमणका कारण करिब ९ महिना भौतिक रूपमा पठन-पाठन बन्द भएको थियो। सरकारले २०७६ चैत ११ गतेदेखि देशव्यापी लकडाउन गरेसँगै विद्यालय पूर्णरूपमा बन्द भएका थिए। जोखिम कम भएपछि गतवर्ष मंसिरको दोस्रो हप्तादेखि भौतिक रूपमा विद्यालय सञ्चालनमा आएका थिए। विद्यालय सञ्चालन भएको ४ महिनामै कोरोनाको दोस्रो लहर सुरु भएपछि विद्यालय बन्द भएका थिए।

शिक्षा कार्यालय रूपन्देहीका अनुसार आर्थिक वर्ष २०७६/७७ मा बालविकासदेखि कक्षा १२ सम्म सामुदायिक र संस्थागत विद्यालयमा गरी २ लाख ८९ हजार ७१४ विद्यार्थीहरू रहेका छन्। लामो समयसम्मको कोरोना महामारीका कारण जिल्लामा विद्यार्थीको संख्या एकिन गर्न कठिनाई भएको शिक्षा कार्यालय रूपन्देहीले जनाएको छ।

युरोप अष्ट्रेलियाको लागि
स्टुडेण्ट, डिपेन्डेण्ट, विजनेश, टुरिष्ट भिषा सम्बन्धी डकुमेण्टेशन गर्नु गराउनु परेमा
मो. ९८६२७०८५११

बिमालेख हराएको सूचना
मेरो निम्न व्यहोरा भएको गुराँस लाइफ इन्स्योरेन्स क.लि.को बिमालेख मिति २०७७/०८/१८ गते घरदेखि बुटवलतर्फ जाँदै गर्दा हराएको हुँदा भेटाउनु हुने महानुभावहरुले गुराँस लाइफ इन्स्योरेन्स क.लि.को बुटवल क्षेत्रीय कार्यालय वा निम्न ठेगानामा बुझाई सहयोग गरि दिनुहुन अनुरोध छ।
नाम : भिम बहादुर पुन
ठेगाना : तिनाउ-३, दोभान, पाल्पा
बिमालेख नं. : ०७१०००३८३१
सम्पर्क नं. : ०७१-५४०१०२/मो. नं.: ९८६४४४२५९७

शिक्षक आवश्यकता
यस श्री आदर्श माध्यमिक विद्यालय मालारानी गाउँपालिका-३, खनदह, अर्घाखाँचीको विद्यालय व्यवस्थापन समितिको मिति २०७८/०६/०४ को निर्णय तथा मालारानी गाउँकार्यपालिकाको मिति २०७८/०६/०५ को प्राप्त विज्ञापन अनुमति अनुसार यस विद्यालयको आधारभुत तह (कक्षा ६-८) तर्फ रिक्त विज्ञान विषयको दरबन्दीलाई अस्थायी करारद्वारा पदपुर्ति गर्नु परेकोले योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकहरुले तपसिलको कागजात सहित मिति २०७८/०६/२० गते कार्यालय समय भित्र दरखास्त पेश गर्नुहुन हार्दिक अनुरोध छ।
तपसिल:
१. विज्ञान विषय लिई कम्तिमा आई.एस्सी वा सो सरहको योग्यता हासिल गरेको योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु
२. स्थायी शिक्षण अनुमतिपत्रको प्रमाणित प्रतिलिपि
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. पासपोर्ट साईजको फोटो ४ प्रति
५. आवेदन दस्तुर रु. १५००/- (एक हजार पाँच सय मात्र)
अन्य जानकारीको लागि मोबाईल नं.: ९८६९१०२८३४
प्रधानाध्यापक
श्री आदर्श माध्यमिक विद्यालय
मालारानी गा.पा.-३, खनदह, अर्घाखाँची

खुसीको खबर !
तपाईको शहर बुटवलमा, बलियो, टिकाउपन र भर पर्दो L.B.B. इट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
L.B.B. L.B.B.
सम्पर्क :
९८५७०२६७२०,उद्योग-
९८४७२४४७१३, देवदह खैरेनी, रुपन्देही,

ट्वाइलेट सफा गराउनुहोस्
हामीकहाँ जापानी प्रविधिबाट सेफ्टि टंकी, रिङ्ग र ट्वाइलेटको सिट फेर्नुका साथै रिङ्ग निकाल्ने हाल्नुका साथै बाथरुप जाम भएमा प्रेसरद्वारा खोल्ने काम गरिन्छ र लाईन नभएको बेलामा पनि काम गरिन्छ।
प्रो. अशोक
रियुश सेनेटरी
बुटवल-७, दीपनगर, रुपन्देही, फोन: ९८११४२८७३०

समस्या अनेक ? उपचार केन्द्र एक!
नेपाल सरकारद्वारा मान्यता प्राप्त बुटवलको एक मात्र आयुर्वेद क्लिनिक
यौन:- सबै किसिमका शारीरिक मानसिक यौन दुर्बलता, धातुरोग, गुप्तरोग, यौन शिथिलता,यौनाङ्गको विकास, स्वप्नदोश, नि:सन्तानपन, महिनावारीमा गडबडी, सेतोपानी आउने, योनी चिलाउने आदि (पुर्ण गोप्यताकासाथ)।
सुन्दरता:- अनुहारमा भएका दाग, चाया, चाउरीपन, दुबी, सेतोदुबी, छाला सम्बन्धि समस्या, मोटोपन, दुब्लोपन, शारीरिक बनौट तथा उचाई।
पाइल्स, फिस्टुला र फिसरको क्षारसूत्र विधिद्वारा बिना अपरेशन सफल उपचार
दीर्घरोग:- सुगर, बाथ, दम, पिनास, ग्यास्ट्रिक, अल्सर, कपाल झर्ने आदी।
मानसिक:- निरासा, उदासिनता, डर, भय, दिमागको बोधोपन, अनिद्रा।
कुलत:- जांड, रक्सी, लागुपदार्थको सेवन,आदी कुलतको परामर्श र उपचार।
बिना अपरेशन:- पाईल्स, पथ्थरी, हाईड्रोसिल, हर्नियाको सहज उपचार।
सम्पर्क: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डक्टर्स क्लिनिक
राजमार्ग चौराहा, बुटवल
ॐमिष्ठान भण्डारको माथिल्लो तला, (चौक देखी २०० मिटर उत्तर)
फोन: ०७१-५४८८९३, मोबाईल: ९८४७३५२१२७

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
सूचना प्रकाशित मिति: २०७८/०६/०७
उपरोक्त सम्बन्धमा प्रतापपुर गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासीको मिति २०७८/०३/१३ गते "बुटवल टुडे" पत्रिकामा प्रकाशित सूचना अनुसार तोकिएको मिति र समय भित्र e-GP system मार्फत रितपूर्वक दर्ता भई मिति २०७८/०४/१२ गते दिनको २ बजे खोलिएको बोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपशिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकाले, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ।

सि.नं.	ठेक्का नं.	निर्माण कार्यको नाम	आसय दिइएको बोलपत्रदाताको नाम, ठेगाना	कबोल ठेक्का अंक (रु.मु.अ.कर. र PS समेत	कैफियत
१	PRM/BLDG/NCB/42/077-78	Construction Of Ward Building at PRM-08, Piparpati	श्री गुरुकुल/फिक्कल जे.भी., चन्द्रपुर-०४, रौतहट	१,०६,६२,६३१।३६	

प्रमुख प्रशासकीय अधिकृत